जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक


MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६६ पृष्ठः ४ | २०८३ असार १६ मंगलबार (Tuesday 30 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## पत्रकारहरूका लागि आचारसंहिता र भाषाशैलीसम्बन्धी अभिमुखीकरण



**मणिलाल विश्वकर्मा**

लहान, १५ असार। समाजको तत्कालीन माग र आवश्यकता अनुसार पत्रकारिताका लागि भाषाशैली र प्रस्तुतिको महत्त्वपूर्ण भूमिका रहने भएकाले त्यसलाई हरेक पत्रकारले आत्मसात् गर्नुपर्नेमा जोड दिइएको छ। मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा सिराहाको लहानमा आइतबार आयोजित 'विश्वसनीय, मर्यादित र विश्वसनीय पत्रकारिता प्रवर्द्धनका लागि आचारसंहिता र भाषाशैलीसम्बन्धी अभिमुखीकरण'सम्बन्धी कार्यक्रमको उद्घाटन सत्रमा वक्ताहरूले नागरिक पत्रकारिताको रूपमा लिइने सामाजिक सञ्जालको बढ्दो प्रयोगअनुसार भाषाशैली र आचारसंहितालाई नजरअन्दाज गरिँदै गएकोप्रति चिन्ता व्यक्त गरे।

नेपाल पत्रकार महासंघ सिराहा शाखाको समन्वयमा आयोजित कार्यक्रममा मधेश प्रदेश सभा सदस्य राजेन्द्रप्रसाद चौधरीले डिजिटल र छापा माध्यममा कार्यरत पत्रकारहरू भाषाशैली र प्रस्तुतिमा चुक्न थालेको औंल्याए। 'त्यसलाई पत्रकारितासम्बन्धी पेसागत तालिमले निखार्न सक्छ,' उनले भने, 'सामाजिक सञ्जाल होस् वा अन्य सञ्चारमाध्यम, कतै पनि मर्यादाहीन र सामाजिक मूल्यमान्यताविपरीतका सामग्री सम्प्रेषण नगरौँ।' पत्रकारिता चुनौतीपूर्ण हुँदाहुँदै सामाजिक विकासका लागि अपरिहार्य क्षेत्र भएकाले आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने अन्यथा विश्वसनीयता गुम्दै टिक्न कठिन हुनेतर्फ सजग गराए।

महासंघका सिराहा शाखा अध्यक्ष मनोज बनैता यादवले घट्दो साख जोगाउँदै मर्यादित पत्रकारिताका लागि अभिमुखीकण उपलब्धिमूलक रहने चर्चा गरे। काउन्सिलकी

–बाँकी तीन पेजमा

## पत्रकारमाथि दुर्व्यवहारप्रति पत्रकार महासंघको गम्भीर आपत्ति

सिरहा, १५ असार। नेपाल पत्रकार महासंघ सिरहा शाखाले समाचार संकलनका क्रममा न्यूज २४ टेलिभिजनका संवाददाता दिलीप सहनी माथि भएको दुर्व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

महासंघले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी दोषीमाथि कानुनबमोजिम कडा कारबाही गर्न माग गरेको हो। महासंघका अनुसार असार १३ गते इलाका प्रहरी कार्यालय गोलबजार क्षेत्रमा मार्भल कम्पनीको नाममा बिक्री–वितरण भइरहेको भनिएको डुप्लिकेट पाइपसम्बन्धी घटनाको समाचार संकलनका क्रममा पत्रकार सहनीमाथि दुर्व्यवहार भएको थियो।

विज्ञप्तिअनुसार भिडियो रिपोर्टिङ गरिरहेका बेला आफूलाई कम्पनीको प्रशासन प्रमुख बताउने दीपक नामका व्यक्तिले "समाचार अहिले नपठाउनुहोस्, म भनेपछि मात्र पठाउनुहोस्" भन्दै समाचार सम्प्रेषणमा हस्तक्षेप गर्न खोजेका थिए। त्यसपछि इलाका प्रहरी कार्यालय गोलबजारमा कार्यरत सादा पोशाकका प्रहरी कर्मचारी र सईले पत्रकार सहनीलाई धकेल्ने, प्रयोगमा रहेको मोटरसाइकल र मोबाइल खोस्ने प्रयास गर्ने तथा "समाचार संकलन गर्न लिखित अनुमति छ कि छैन" भन्दै समाचार संकलनमा अवरोध र अभद्र व्यवहार गरेको आरोप सार्वजनिक भएको महासंघले जनाएको छ। घटनाको भिडियो प्रमाणसमेत महासंघलाई प्राप्त भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। महासंघले नेपालको संविधानले सुनिश्चित गरेको प्रेस

–बाँकी तीन पेजमा

## पानीको सिलप्याक बोतलमा किरा भेटिएपछि दुई लाख जरिवाना, सम्पूर्ण बोतल बजारबाट फिर्ता ल्याउन निर्देशन

**मणिलाल विश्वकर्मा**

लहान, १५ असार। खानेपानीको सिलप्याक बोतलमा किरा भेटिएपछि सिराहाको लहानस्थित एक खानेपानी उत्पादक कम्पनीलाई दुई लाख रुपैयाँ जरिवाना गरिएको छ। लहानस्थित इलाका प्रशासन कार्यालयले लहान–८ स्थित के.बी. एन्ड सन्स कम्पनीलाई दुई लाख रुपैयाँ जरिवाना गरी बजारबाट उक्त ब्याचका पानीका सम्पूर्ण बोतलहरू फिर्ता ल्याउन निर्देशन दिएको हो।



इलाका प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवनारायण साहले सोमबार विज्ञप्ति जारी गर्दै कम्पनीबाट बिक्री–वितरण गरिएको सिलप्याक बोतलभित्र किरा भेटिएको गुनासोपछि कार्यालयको निरीक्षण टोलीले अनुगमन गर्दा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको पाइएकाले आर्थिक जरिवाना गरिएको जनाएका छन्।

विज्ञप्तिमा कम्पनीले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ को उपदफा २ खण्ड (क) तथा सोही ऐनको दफा ३८ को खण्ड (ङ) बमोजिमको कसुर गरेको पाइएकाले ११ असारको निर्णयानुसार कम्पनीलाई ऐनको दफा ३९ को उपदफा (१)को खण्ड (ख) बमोजिम जरिवाना गरिएको उल्लेख छ। उपभोग्य वस्तु सचेततापूर्वक उपभोग गर्न र कुनै त्रुटि, खराबी देखिएमा तत्काल जानकारी गराउन सम्बन्धित सबैलाई विज्ञप्तिमार्फत आग्रह गरिएको छ।

के.बी. एन्ड सन्सका सञ्चालक राकेश महासेठले भने आफ्नो कम्पनीलाई नियोजित रूपमा बदनाम गर्न खोजिएको दाबी गरेका छन्। 'अत्याधुनिक उपकरणबाट सफा गरिएलगत्तै बोतलमा पानी प्याक गरिएको मुस्किलले पाँच सेकेन्डभित्र सिलप्याक गरिन्छ,' उनले भने, 'आधा दर्जन कामदारले सूक्ष्म निगरानी गरिरहेका हुन्छन्, त्यस्तो लापरबाही हुनै सक्दैन।'

आफ्नो कम्पनीको पानीको




**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्वास्थ्य संस्थाबाटै संक्रमण फैलने जोखिम

मधेस प्रदेशका सरकारी अस्पतालहरूमा फोहोर व्यवस्थापन गम्भीर समस्या बनेको देखिन्छ। हालै प्रकाशित एउटा समाचारअनुसार अस्पतालहरूमा संक्रामक फोहोर थुप्रिने, वर्गीकरण नगरी एउटै ठाउँमा जम्मा गरिने, नगरपालिकाले त्यसलाई सामान्य फोहोरसँगै नदी किनार वा खुला ठाउँमा फाल्ने र जलाउने गरेको छ। यस्तो अभ्यासले अस्पताललाई उपचारस्थलभन्दा संक्रमण फैलाउने स्रोत बनाउँछ।

अस्पतालजन्य फोहोर व्यवस्थापनको यस्तो गलत अभ्यास मधेस प्रदेशमा सीमित भने छैन। राजधानीकै कतिपय अस्पतालहरूमा फोहोर व्यवस्थापन उपयुक्त ढङ्गले हुनेगरेको छैन भन्ने गुनासो सुनिन्छ भने निजी अस्पतालहरूलगायत देशभर नै अस्पतालबाट निस्कने फोहोरको सही व्यवस्थापन हुँदैन। सरोकारवालाहरू विशेषगरी अस्पताल क्षेत्रका बासिन्दा यस समस्याबाट पीडित छन्।

अस्पतालको फोहोर व्यवस्थापन सरसफाइको सामान्य समस्या नभएर जनस्वास्थ्य, वातावरण र सुशासनको गम्भीर संकट पनि हो। कतिपय अस्पतालहरूमा फोहोर व्यवस्थापनका लागि करोडौं रुपैयाँ खर्च गरेर बनाइएका अटोक्लेभ, वेस्ट म्यानेजमेन्ट सेन्टर र अन्य संरचना भए पनि तिनीहरू प्रयोगविहीन छन्। तर, कतै उपकरण बिग्रिएका छन्, कतै सञ्चालन गर्ने जनशक्ति त छन् तर अधिकांशले आवश्यक तालिम पाएका हुँदैनन्।

अर्को चिन्ताजनक पक्ष अस्पतालभित्र फोहोर छुट्याइए पनि अन्तिम संकलनमा फेरि सबैलाई एकै ठाउँमा मिसाइने प्रवृत्ति हो। यसले फोहोर व्यवस्थापनका सबै मापदण्डलाई कागजमा सीमित बनाइदिएको छ र यो अव्यवस्थाको सबैभन्दा चर्को मूल्य सरसफाइकर्मीहरूले चुकाउनुपर्छ।

जथाभावी फालिएका सुईले घोच्ने डर, पर्याप्त सुरक्षा सामग्री नपाउने र संक्रमणको जोखिमबीच काम गर्न बाध्य हुनुले राज्य जनस्वास्थ्यप्रति संवेदनशील नरहेको स्पष्ट हुन्छ। बिरामीको उपचार गर्ने स्वास्थ्य संस्थाहरू आफ्नै कर्मचारीको सुरक्षाप्रति यति लापरबाह हुनु गैरजिम्मेवारीको पराकाष्ठा हो। यो गम्भीर नैतिक र प्रशासनिक असफलताको उदाहरण हो।

नेपालमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनका लागि कानुन, निर्देशिका र मापदण्डको अभाव भने छैन। संविधानले स्वच्छ वातावरणको हक सुनिश्चित गरेको छ। जनस्वास्थ्य सेवा ऐन, वातावरण संरक्षण ऐन र स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनसम्बन्धी मापदण्डले यसको सुरक्षित व्यवस्थापन अस्पताल, प्रदेश सरकार र स्थानीय तहको जिम्मेवारी भएको स्पष्ट तोकेका छन्।

अर्थात्, समस्या नीतिमा होइन कार्यान्वयन र शासन शैलीमा देखिन्छ। जिम्मेवारी कसैले लिन नचाहने, अनुगमन कमजोर हुने र अत्यावश्यक बजेट तथा जनशक्तिलाई प्राथमिकता नदिने प्रवृत्तिले संकटलाई झन् गहिरो बनाएको हो। यस्तो अवस्थालाई सधैं सामान्य प्रशासनिक कमजोरी मानेर टार्न मिल्दैन।

स्वास्थ्य संस्था जन्य फोहोर व्यवस्थापन सरसफाइको विषयमात्र होइन। यो त नागरिकको जीवन र स्वास्थ्यसँग जोडिएको राज्यको दायित्व हो। उपचार गर्ने संस्थाबाटै संक्रमण फैलिने अवस्था कायम रहनु राज्यका लागि लाजमर्दोमात्र नभएर प्रत्युत्पादक पनि हो। यसैले अब परिणामप्रति जवाफदेही हुनुपर्ने व्यवस्था गरिनुपर्छ। संघ, प्रदेश र स्थानीय सरकारहरू आआफ्नो दायित्वप्रति सजग हुनुपर्छ।

सबैभन्दा पहिले त प्रत्येक अस्पतालमा स्रोतमै फोहोरको अनिवार्य वर्गीकरणलाई प्रभावकारीरूपमा लागु गर्नुपर्छ। अटोक्लेभ तथा अन्य उपकरण नियमित सञ्चालनमा ल्याउनुपर्छ भने सरसफाइकर्मीलाई पर्याप्त तालिम तथा सुरक्षा सामग्री उपलब्ध गराउनुपर्छ।

यसैगरी फोहोर व्यवस्थापनका लागि जिम्मेवार स्थानीय तहले स्वास्थ्यजन्य फोहोरका लागि छुट्टै उपयुक्त व्यवस्थापन प्रणाली विकास गर्नुपर्छ। अहिलेजस्तै लापरबाही भइरहने र सरकारहरू उदासीन नै रहने हो भने कुनै पनि बेला भयावह सङ्क्रमण फैलन सक्छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# कोशी टप्पुमा पर्यटनको बढ्दो सम्भावना

**सङ्गीता राई**

सप्तकोशी नदीको बहावसँगै फैलिएको हरियाली, दुर्लभ अर्नाको बथान, चराचुरुङ्गीको चहलपहल र जलचरको जीवन्तले कोशी टप्पुलाई जैविक विविधताको अनुपम आश्रयस्थलका रूपमा स्थापित गरेको छ। जैविक विविधताको दृष्टिले महत्वपूर्ण संरक्षित क्षेत्रमध्ये एक मानिने यहाँ दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षणसँगै आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनको उल्लेखनीय सम्भावना बोकेको ठाउँ हो।

पूर्वी नेपालको तीन जिल्लाको बीचमा फैलिएको कोशी टप्पु सोचे जति अझै चर्चामा आउन सकेको छैन। जैविक विविधताले भरिपूर्ण र प्रकृतिमा आधारित पर्यटनको ठूलो सम्भावना बोकेको कोशी टप्पु दुर्लभ वन्यजन्तु र सयौं प्रजातिका चराचुरुङ्गी पाइने यो अन्तर्राष्ट्रिय महत्व बोकेको सिमसार क्षेत्र वातावरणीय समस्यासँगै आवश्यक पूर्वाधार, प्रचारप्रसार र राम्रो व्यवस्थापन हुन नसक्दा यहाँको पर्यटन सम्भावना अझै पूर्ण रूपमा उपयोग हुन भने सकेको छैन।

विसं २०३२ मा स्थापना भएको कोशीटप्पु वन्यजन्तु आरक्ष प्रारम्भमा १७५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको थियो। २०६१ सालमा मध्यवर्ती क्षेत्र थपिएपछि अहिले १७३ वर्गकिलोमिटर कायम भएको छ। सुनसरी सप्तरी र उदयपुर जिल्लाभित्र सप्तकोशी नदीले बनाएको टापुमा अवस्थित कोशी टप्पु आरक्ष जङ्गली भैंसी (अर्ना) का कारण चर्चित छ। कोशीटप्पु रैथाने अर्ना पाइने एक मात्र संरक्षित क्षेत्रको रुपमा लिइन्छ। कोशी टप्पु आरक्षभित्र सप्तकोशीको बालुवाबाट बनेका टापु, सिसौं र खयरका जङ्गल, बसाइँसराइ गर्ने चराचुरुङ्गी र अति दुर्लभ खरमयुरका वासस्थान छन्। सन् १९८७ देखि यो आरक्ष रामसार सूचीमा सूचीकृत छ। जलचर प्रजाति घडियाल, मगरगोही, सोंस (डल्फिन) र माछा पनि पाइन्छ। कोशीटप्पुलाई चराहरूको राजधानी समेत भनिन्छ।

नेपालको पर्यटन उद्योग अहिले नयाँ गन्तव्यको खोजीमा छ। साहसिक पर्यटन, धार्मिक पर्यटन र हिमाली पर्यटनसँगै पछिल्ला वर्षहरूमा प्रकृतिमा आधारित पर्यटन वन्यजन्तु अवलोकन, फोटोग्राफी पर्यटन र पर्या–पर्यटन पक्षी अवलोकन र अध्ययनका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेको कोशी टप्पु पूर्वी भारततर्फको क्षेत्रमा जैविक मार्गका रूपमा समेत लिइन्छ। चितुवाबाहेक अन्य ठूलो मांसाहारी जनावरको सङ्ख्या न्यून भए पनि आरक्षले पूर्वी तराई, मधेस क्षेत्रको वन, वनस्पति, हावापानी र जैविक विविधताको प्रतिनिधित्व गर्दै आएको आरक्ष कार्यालयले जनाएको छ। हिमाल, पहाड तथा तराईको विशिष्ट जैविक विविधता, लोपोन्मुख वन्यजन्तु, जलचर, पंक्षी र विविध वन पैदावारका कारण नेपाल प्रकृतिप्रेमी, अनुसन्धानकर्ता र पर्यटकका लागि विश्वकै प्रमुख आकर्षणको केन्द्र बन्दै आएको कोशी टप्पु वन्यजन्तु आरक्षका रेन्जर अंकित पौडेलले बताउनुभयो।

सन् १९७६ को गणना अनुसार कोशी टप्पुमा ६३ वटा अर्ना थियो भने सन् २०२१ को गणनाअनुसार कोशीटप्पुमा ४९८ वटा अर्ना रहेका छन्। पौडेलका अनुसार कोशीटप्पुमा स्तनधारी ४२, पक्षी ५३५, माछा १४१ र पुतली ७७ प्रजातिका छन्। २०८० सालको गणनाअनुसार खरमयुर ३२ वटा र २०७९ को गणना अनुसार डल्फिन १९ वटा रहेको उहाँले जानकारी दिनुभयो।

कोशीटप्पुमा धेरैजसो चराहरु साइबेरियाबाट आउने गरेका छन्, गर्मीको समयमा भन्दा चराहरु जाडो छल्न आउने गरेको पौडेलले बताउनुभयो। जङ्गली हात्ती, एकसिङ्गे गैंडा, ढाड नढ्ने प्राणी ५७ प्रजाति, जडीबुटी १८ प्रजाति, डालेघाँस ३३ प्रजाति, उन्यु १२ प्रजाति, कालो भूँडिफोर, सेतो भूँडिफोर, अजिङ्गर, सरिसृप, सुन गोहोरो, घडियाल गोही, निलगाई, चितल, रतुवा, लगुना, मलाह बिरालो, मगर गोहीलगायत दुर्लभ प्रजाति यहाँ रहेका छन्। पछिल्ला वर्षहरूमा कोशी टप्पु वन्यजन्तु आरक्षमा आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ। आरक्ष कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म नौ हजार २४२ पर्यटकले आरक्षको भ्रमण गरिसकेका छन्।

पर्यटकको बढ्दो आकर्षणको मुख्य आधार कोशी टप्पुको समृद्ध जैविक विविधता हो। प्रकृतिसँग नजिक हुन चाहने युवा, वन्यजन्तु फोटोग्राफर, चराप्रेमी तथा अनुसन्धानकर्ताका लागि कोशी टप्पु पछिल्ला वर्षहरूमा आकर्षक गन्तव्य बन्दै गएको छ। नदी, सिमसार, घाँसे मैदान, वन तथा खुला चरन क्षेत्रले समेटेको कोशी टप्पु जैविक विविधताको अनुपम भण्डारका रूपमा परिचित छ। यहाँ पाइने वनस्पति, स्तनधारी जनावर, चराचुरुङ्गी, उभयचर, जलचर तथा अन्य बन्यजन्तुले प्रकृतिक सन्तुलित कायम गरेको छ। यही विशेषताका कारण कोशी टप्पु नेपाल मात्र नभई दक्षिण एसियाकै महत्वपूर्ण जैविक विविधता क्षेत्रका रुपमा परिचित छ।

कोशी टप्पुको प्रमुख आकर्षणमध्ये चराचुरुङ्गी विविधता एक हो। नेपालमा अभिलेख गरिएका चरामध्ये आधाभन्दा बढी प्रजाति कुनै न कुनै समयमा यहाँ भेटिएका छन्। यसले कोशी टप्पुलाई नेपालको उत्कृष्ट 'बर्ड वाचिङ' गन्तव्यका रूपमा स्थापित गरेको छ। हरेक वर्ष असोज कात्तिकदेखि चैत वैशाखसम्म साइबेरिया, मङ्गोलिया, चीन, मध्यएसिया तथा युरोपका विभिन्न भूभागबाट हजारौं प्रवासी चराहरू यहाँ आइपुग्ने गर्छन। उनीहरूका लागि कोशी टप्पु सुरक्षित बासस्थान, प्रशस्त आहार र अनुकूल वातावरण भएको विश्रामस्थल बनेको छ।

जलवायु परिवर्तन, सिमसार क्षेत्रको विनाश र बढ्दो मानव अतिक्रमणका कारण विश्वभर चराहरूको प्राकृतिक वासस्थान खुम्चिँदै गएकाले कोशी टप्पुको संरक्षणको महत्व झन् बढ्दै गएको संरक्षणविद्हरू बताउँछन्। यस्ता सिमसार क्षेत्र नष्ट भए प्रवासी चराहरूको बसाइँसराइ चक्रमा गम्भीर असर पर्नसक्ने संरक्षणविद्हरुको भनाइ छ।

चराविज्ञ अनिस तिमल्सिनाका अनुसार कोशी टप्पु उत्तरी गोलार्द्धबाट आउने प्रवासी चराहरूको प्रमुख विश्रामस्थल हो। उहाँ भन्नुहुन्छ, यदि चराहरूले विमानस्थल बनाउने हो भने नेपालमा उनीहरूको अन्तर्राष्ट्रिय विमानस्थल कोशी टप्पु नै हुन्थ्यो। हिउँदयाम सुरु भएसँगै साइबेरिया, चीन, मङ्गोलिया, मध्य एसियालगायतका क्षेत्रबाट हजारौं किलोमिटर यात्रा गरेर आएका चराहरू यहाँ केही महिना बिताउने र गर्मी सुरु भएपछि पुनः आफ्नै गन्तव्यतर्फ फर्कने गरेको उहाँले बताउनुभयो। कोशी टप्पुमा भएका सिमसार क्षेत्रहरुको थप संरक्षण गर्ने हो भने चराचुरुङ्गी अवलोकन नै कोशी टप्पुको सबैभन्दा ठूलो पर्यटन आकर्षण र सम्भावना रहेको उहाँको भनाइ छ। बर्सेनि बाढीले कटान गर्ने जसले चराहरुको बासस्थानको कमी भएको कारण पहिलेको तुलनामा अहिले चराहरुको आगमनमा कमी आउन थालेको बताइन्छ।

कोशी टप्पुको अर्को प्रमुख विशेषता नेपालमा प्राकृतिक रूपमा पाइने एकमात्र जङ्गली भैंसी (अर्ना) को मुख्य वासस्थान हुनु हो। आरक्षमा रहेका विशाल घाँसे मैदान अर्नाका लागि उपयुक्त आवास मानिन्छन्। त्यस्तै कोशी नदीमा पाइने गंगेटिक डल्फिन आरक्षको अर्को महत्वपूर्ण प्राकृतिक सम्पदा हो। विश्वमै सङ्कटापन्न जलचरमध्ये पर्ने यो डल्फिनका लागि कोशी नदीको स्वच्छ बहाव, पर्याप्त गहिराइ र माछाको उपलब्धता अनुकूल मानिन्छ।

कोशी टप्पुमा डुङ्गा सफारी पनि पर्यटकको आकर्षण बन्दै गएको छ। कोशी नदीमा डुङ्गा यात्रा गर्दा गंगेटिक डल्फिन, जलपक्षी, नदी किनारका वन, विशाल घाँसे मैदान तथा सूर्यास्तको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। आरक्षको वनस्पति विविधता पनि उत्तिकै समृद्ध छ। यहाँ सिसौं, खयर, सेमल, कदम्ब, साज, बाँसलगायतका नदी किनारका वन तथा विशाल घाँसे मैदान पाइन्छन्। यही घाँसे मैदानमा अर्ना, हरिण, नीलगाईलगायतका वन्यजन्तु आश्रित छन्। हरेक वर्ष आउने बाढीले नयाँ घाँसे मैदान सिर्जना गर्ने भएकाले यहाँको प्राकृतिक वातावरण निरन्तर पुनर्जीवित हुँदै आएको छ।

जैविक विविधता, प्राकृतिक सौन्दर्य, सिमसार क्षेत्र र स्थानीय सांस्कृतिक जीवनशैलीले कोशी टप्पुलाई अन्तरराष्ट्रियस्तरको प्रकृति पर्यटन गन्तव्यका रूपमा विकास गर्ने पर्याप्त आधार प्रदान गरेको छ। विश्व पर्यटन बजारको रुचि अहिले प्रकृतिमैत्री, शान्त वातावरण र वन्यजन्तु अवलोकनतर्फ केन्द्रित हुँदै गएकाले कोशी टप्पुको सम्भावना अझ बढेको छ। यहाँको जैविक विविधता, नदी प्रणाली, दुर्लभ वन्यजन्तु र स्थानीय संस्कृति नै कोशी टप्पुको सबैभन्दा ठूलो सम्पत्ति हो।

धरानबाट कोशी टप्पु भ्रमणका लागि आउनु भएका सरोज ढकालले प्राकृतिक सौन्दर्य, चराचुरुङ्गी अवलोकन तथा वन्यजन्तुका कारण आरक्ष आफूलाई बारम्बार आकर्षित गर्ने गन्तव्य बनेको बताउनुभयो। "प्रकृतिसँग नजिक हुन र शान्त वातावरणको अनुभूति गर्न म बेला बेलामा यहाँ आउने गर्छु", उहाँले भन्नुभयो। गुणस्तरीय होटल, स्थानीय संस्कृति झल्किने होमस्टे, व्यवस्थित विश्रामस्थल र सूचना केन्द्रको विकाससँगै प्रभावकारी प्रचारप्रसार गर्नसके आन्तरिक तथा विदेशी पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढ्न सक्ने उहाँको भनाइ छ। चरा अवलोकन, जङ्गल सफारी र डुङ्गा शयरजस्ता गतिविधिलाई थप व्यवस्थित र सुरक्षित बनाउँदै जैविक विविधताको संरक्षणसँगै दिगो पर्यटन विकासमा जोड दिनुपर्ने आवश्यक रहेको उहाँको सुझाव छ।

कोशी टप्पुको पर्यटन विकास अझै प्रारम्भिक चरणमै रहेको स्थानीय होटल व्यवसायी लोकबहादुर मगरको भनाइ छ। उहाँका अनुसार सीमित आवास, कमजोर सडक तथा अन्य पर्यटकीय पूर्वाधार, प्रभावकारी प्रचारप्रसारको अभाव र पर्याप्त लगानी नहुँदा आरक्षको वास्तविक पर्यटन सम्भावनाको पूर्ण उपयोग हुन सकेको छैन। शत्र वर्षदेखि कोशी टप्पुमा उदीप होमस्टे सञ्चालन गर्दै आउनुभएका मगर नेपाली सेनाबाट २० वर्ष सेवा गरेर अवकाशपछि पर्यटन व्यवसायमा लाग्नुभएको हो। स्थानीयस्तरमै उत्पादन हुने अर्गानिक तरकारी र परम्परागत परिकारका कारण धेरै पर्यटकले अगाडी नै बुकिङ गरेर होमस्टेमा बस्न आउने गरेको उहाँले जानकारी दिनुभयो।

कोशी टप्पुमा जङ्गल सफारी, प्रकृति पदयात्रा र स्थानीय संस्कृति अनुभव गर्ने गतिविधिमा पनि पर्यटकको रुचि बढ्दै गएको छ। स्थानीय परिवारसँग बसेर ग्रामीण जीवनशैली, परम्परागत खानपान र संस्कृतिको अनुभव गर्न सकिने भएकाले आसपासका गाउँमा व्यवस्थित होमस्टे विस्तार गर्न सके पर्यटकको बसाइ अवधि लम्बिने छ। आरक्षसम्म पुग्ने केही सडक अझै स्तरीय छैनन् भने वर्षायाममा यातायात सञ्चालनसमेत प्रभावित हुने गरेको छ। पर्यटक सूचना केन्द्र, विश्रामस्थल, सङ्केत बोर्ड, अवलोकन टावर, सार्वजनिक शौचालय तथा गुणस्तरीय आवासको अभाव रहेको स्थानीय बताउँछन्।

प्रचारप्रसारको कमीका कारण

**–बाँकी तीन पेजमा**

## कोशी टप्पुमा ...

अन्तरराष्ट्रिय पर्यटन बजारमा कोशी टप्पुले अपेक्षित पहिचान बनाउन नसकेको स्थानीयको भनाइ छ भने अर्कोतर्फ मानव वन्यजन्तु द्वन्द्व पनि स्थानीयका लागि चुनौती बनेको छ। जङ्गली हात्ती तथा अन्य वन्यजन्तुले प्रत्येक वर्ष खेतीबालीमा क्षति पुर्‍याउने गरेको छ। आरक्षका रेन्जर अंकित पौडेलका अनुसार जङ्गली हात्तीबाट प्रभावित स्थानीयलाई आरक्षले प्रत्येक वर्ष राहत उपलब्ध गराउँदै आएको छ। संरक्षण, पूर्वाधार विकास र प्रभावकारी प्रचारप्रसारलाई सँगसँगै अघि बढाउनसके कोशी टप्पुले जैविक विविधताको संरक्षणसँगै स्थानीय आर्थिक समृद्धिमा समेत महत्वपूर्ण योगदान पुर्‍याउने छ।

## पत्रकारहरूका लागि...

कार्यवाहक अध्यक्ष बन्दना भाले स्रोत पुष्टि नगरी अमर्यादित रूपले लेखिएका समाचारले पत्रकारिताको मर्यादा खस्किँदै गएकोप्रति चिन्ता व्यक्त गरिन्। ‘चौथो अंग भनिएको पत्रकारितामा स्वनियम, आचारसंहिता पालना र भाषिक शुद्धतामा ध्यान दिनैपर्ने भएको छ,’ उनले भनिन्, ‘प्रविधिसँग बढी नजिक रहेको नयाँ पुस्तालाई स्वच्छ पत्रकारिताको अभ्यास, मर्यादित पत्रकारिता कसरी बुझाउने र सिकाउने भन्ने विषय पुराना र अनुभवी पुस्ताको पनि जिम्मेवारी हो।’

अभिमुखीकरणमा वरिष्ठ पत्रकार धर्मेन्द्र झाले समाचार, समाचार खोज्ने दृष्टिकोण, समाचारमा भाषाशैलीको महत्व, डिजिटल र भाइरल पत्रकारिता, नागरिक पत्रकारिता, पत्रकार आचारसंहिताको कसीमा जिम्मेवार पत्रकारितालगायतका विषयमा सहजीकरण गरेका थिए। कार्यक्रममा महासंघका शाखा अध्यक्ष बनौतालाई उत्तम सहकार्यका लागि मायाको चिनो प्रदान गरिएको थियो।

## पत्रकारमाथि...

तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै सञ्चारकर्मीलाई सार्वजनिक सरोकारका विषयमा निर्भीक रूपमा समाचार संकलन र सम्प्रेषण गर्ने अधिकार रहेको स्मरण गराएको छ।

समाचार संकलनका क्रममा पत्रकारलाई अवरोध गर्ने, डर–त्रास देखाउने वा दुर्व्यवहार गर्नु संविधान, प्रचलित कानुन तथा लोकतान्त्रिक मूल्य–मान्यताविपरीतको कार्य भएको महासंघको ठहर छ। नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिने जो–कोहीलाई कानुनबमोजिम कारबाही गर्न सम्बन्धित निकायसँग जोडदार माग गरिएको छ। साथै, भविष्यमा पत्रकारले आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्ने क्रममा यस्ता अवरोध वा दुर्व्यवहार भोग्न नपर्ने वातावरण सुनिश्चित गर्न नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराएको छ।

# बाबु दुर्व्यसनी भएपछि आमाले छोडिन्, तीन बालबालिकाको बिचल्ली

**आशिष विश्वकर्मा**



सिरहा, १५ असार। साथीसङ्गीसँग रमाउँदै खेल्ने अनि पढ्ने उमेरका बालबालिका दुर्व्यसनी बाबुको कारणले आमाले पनि छोडेर हिंडेपछि बिचल्लीमा परेका छन्। लागूऔषधको दुर्व्यसनमा फसेका बाबुको शारीरक तथा मानसिक यातना खेप्न नसकेपछि आमाले पनि दोस्रो विवाह गरेर हिंडेसँगै सिरहाको गोलबजार नगरपालिका ९ डण्डाका करिब ८ वर्षीय नाबालक शेकर यादव आफ्ना स–साना भाई बहिनीको अभिभावक बन्न बाध्य छन्। बाबु आमाको माया अनि छत्रछायाँमा देख्ले पढ्ने उमेरका उनी पाँच र तीन वर्षीया बहिनीहरुलाई बोकेर विद्यालय ओहोरदोहोर गरिरहेका छन्।

काँधमा किताबको झोला बोकेर आफ्नै उमेरका साथीहरुसँग विद्यालय जानु पर्ने उमेरका शेखर पिठ्युँमा तीन वर्षीया बहिनी दिव्यांशीलाई बोकेर अर्की बहिनी सोनाक्षीलाई डोर्‍याउँदै गाउँदेखि करिब एक किलोमिटरको दूरीमा रहेको विद्यालय जाने गरिरहेका छन्। गोलबजार नगरपालिका ९ डण्डास्थित जनता माध्यमिक विद्यालयमा कक्षा ३ मा पढिरहेका शेखरका बहिनीहरु सोनाक्षी र दिव्यांशी क्रमशः कक्षा १ र बाल विकासमा पढिरहेको विद्यालयका शिक्षक प्रमोद सिंहले बताए।

स्थानीयका अनुसार लागूऔषध दुर्व्यसनी बुबाको सास्ती सहन नसकेर करिब दुई वर्षअघि आमाले छोडेर हिंडेपछि तीन बालबालिकाले अभिभावकविहीन भएका हुन्। उनकी आमा सञ्जु कुमारी यादव धनुषाका एक युवासँग हिंडिन् भन्नेसम्म स्थानीय बताउँछन्। बुबा विमल यादव पछिल्ला दिनमा झापाको एक प्लाइउड उद्योगमा काम गर्ने गरेको भनिएपनि पछिल्लो दुई महिनाभन्दा लामो समयदेखि घरमा नआएको र फोन सम्पर्क समेत नभएको शेखरले सुनाए।

आमा बुबा हुवै जीवितै भएपनि आफूहरुको साथ नहुँदा तीन दाजुबहिनी टुहुरा जसरी घरमा बसिरहेका छन्। अभिभावकविहीन बालबालिकालाई बिहान बेलुकाको खाना भने ठूलोबाबु कमल यादवले खुवाइरहेका छन्। बस्ने झुपडी र घडेरीबाहेक केही नरहेका बालापनको कारणले उनीहरूको व्यक्तिगत सरसफाइ गर्न नसक्दा बस्ने घरका कोठाहरु परैबाट गन्हाउन थालेको छिमेकीहरु सुनाउँछन्।

प्रायः हरेक दिन बिहान ६ बजेतिर उठेपछि शेखरले बहिनीहरूलाई उठाएसँगै बिहानको नित्यकर्म गराएपछि आफू तयार भएसँगै तीन वर्षीया बहिनी दिव्यांशीलाई पिठ्युँमा बोकेर अर्की बहिनी सोनाक्षीको हात समातेर विद्यालयतर्फ जान्छन्। विद्यालय नपुग्दासम्म उनी दाजु मात्र होइनन्, बाबुआमासँगै संरक्षक र सहारा बनिरहेका छन्। विद्यालय छुटेपछि पनि पुनः सानी बहिनीलाई पिठ्युँमा बोकेर, अर्कीको हात समाउँदै शेखर घर फर्किन्छन्।

‘बहिनीहरूलाई नुहाउने, लुगा धुने र स्याहार्ने काम पनि मैले नै गर्दै आएको छु’ शेखरले भने। अन्यका लागि सामान्य लाग्ने दैनिकी स्वयम् एउटा नाबालकका लागि कति गह्रौं जिम्मेवारी हो भन्ने कुरा उमेरको कारणले उनले पनि बुझ्न सकेका छैनन्। अभिभावकको अभाव झेलिरहेका उनीहरू नातामा दाजु बहिनीसँगै एक–अर्काको सहारा समेत बनेका छन्।

नाबालकहरु पढिरहेको विद्यालयले दिँदै आएको साबुन, दिवा खाजाले पनि थोरबहुत भरथेग भइरहेको विद्यालयका प्रधानाध्यापक सुरेन्द्र सिंहले सुनाए। ‘मैलो आफ्नो वयक्तिगत रकम खर्चिएर उनीहरुको लाउने कपडा किनिदिने गरेको छु’ उनले भने। ‘दिवाखाजा भएकाले बिहानको खाजा विद्यालयमै खान्छन्’ विद्यालयका शिक्षक राजकुमार सिंहले भने ‘घर जानेबेला थोरै खाजा दिएर पठाउने समेत गरेका छौं।’ बालबालिकाहरुलाई थप सहयोगको आवश्यकता रहेको उनले बताए।

सामान्य आर्थिक अवस्था भएका उनकै उमेरका बहुसंख्यक बालबालिका मोबाइल, खेलौनाहरुसँग हुर्किने भएपनि र स्वयम् नाबालक शेखर आफ्ना स–साना बहिनीहरुका लागि संघर्ष गरिरहेका छन्। ‘हरेक बिहान विद्यालय जाने बाटोमा भेटिने शेखर आफ्नो पिठ्युँमा बहिनी बोकिरहेका हुन्छन्’ विद्यालयका शिक्षक समेत रहेका स्थानीय प्रमोद कुमार महतोले भने ‘त्यहाँ केवल बहिनी मात्र होइन, स्यम् कसैको सहारामा हिंड्नु पर्ने नाबालकको काँधमा एउटा परिवारको आशा, भविष्य र जीवन बाँचिरहेको संघर्षको कथा हो।’

# गृहमन्त्रीको मध्यतराईका जिल्लाको अनुगमनपछि रौतहटको सुरक्षा व्यवस्था मजबुत

**उत्तम कुमार उपाध्याय**

रौतहट, १५ असार। सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणसहित जिल्लाको सुरक्षा व्यवस्था सुनिश्चित गर्न रौतहट प्रहरी थप सक्रिय भएको छ। गृहमन्त्रीले बारा, पर्साको छड्के अनुगमन गरी तस्करी नियन्त्रण र शान्तिसुरक्षा कायम गर्न कडा निर्देशन दिनुभएपछि रौतहट प्रहरीले अझ सक्रिय, जिम्मेवार र व्यावसायिक ढङ्गबाट कार्यसम्पादन गरी जिल्लावासीको मन जित्न मातहतका ‘युनिट’लाई निर्देशन दिएको हो।

प्रहरी उपरीक्षक एवं रौतहट प्रहरी प्रमुख सीताराम रिजालले बदलिँदो परिस्थितिलाई सूक्ष्मरुपमा विश्लेषण गरी जिल्लास्थित अन्य सुरक्षा निकायसँगको समन्वयमा सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउने उद्देश्यका साथ मातहतका प्रहरी ‘युनिट’ लाई स्पष्ट निर्देशन दिएसँगै सकारात्मक परिणाम आउन थालेको बताउनुभयो।

उहाँले भन्नुभयो, “सुरक्षाका दृष्टिले अति संवेदनशील र संवेदनशील क्षेत्रको पहिचान गरी सोही अनुसार हरेक पाँच किलोमिटरमा प्रहरी पोष्टको व्यवस्था गरिएको छ। जिल्ला प्रहरी कार्यालय गौरको ‘कमाण्ड’ मा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा चपुर र गरुडामा रहेका प्रहरी कार्यालयको निगरानीमा मातहतका १० वटा इलाका प्रहरी कार्यालयसहित जिल्लाभरका प्रहरी पोष्टमा तैनाथ करिब ९०० प्रहरीलाई थप सक्रिय बताइएसँगै सुरक्षा व्यवस्था चुस्तदुरुस्त भएको छ।”

यसैगरी, प्रहरी नायब उपरीक्षक एवं जिल्ला प्रहरी प्रवक्ता वसन्त गौतमका अनुसार मध्य तराईका बारा, पर्सा र सर्लाहीका सुरक्षा अधिकारीहरूसँग समेत आवश्यक समन्वय गरी रौतहटको सुरक्षा व्यवस्थामा कडाइ गरेपछि शान्ति सुव्यवस्थामा उल्लेखनीय सुधार भई गुनासो आउने क्रम रोकिएको, अवैध कारोबारमा संलग्न जो कोहीलाई पक्रेर दण्डित गर्न थालेपछि ‘तस्कर’हरूको भागाभाग भएको, राजस्व सङ्कलनमा वृद्धि भएको र समग्रमा रौतहटको सुरक्षा व्यवस्था अपेक्षा गरिएभन्दा पनि राम्रो भएको छ। जिल्लास्थित सरमुजवा ( बङकुल), मोतिपुर नरकटिया, रामपुरखात, जयनगर, मठिया, औरैया, बजरहा, अमरपट्टि, गौर भन्सार र बेलबिचवामा गरी १० वटा इलाका प्रहरी कार्यालयसहित मातहतका प्रहरी पोष्टमा खटिएका प्रहरी कर्मचारीले रौतहटमा भरपर्दो एवं विश्वसनीय सुरक्षा प्रदान गर्दै आएको जिल्ला प्रहरी कार्यालयले स्पष्ट गरेको छ।

यसैबीच रौतहटसँगै जोडिएको बाराको सिम्रौनगढस्थित इलाका प्रहरी कार्यालयले अपराध तथा तस्करी नियन्त्रणलाई अभियानका रुपमा टोली सञ्चालन गरी पछिल्लो आठ महिनमा करिब रु एक करोड १० लाख मूल्यको समान बरामद गरी पथलैया भन्सार कार्यालयलाई बुझाएको जनाएको छ।

सो कार्यालयका प्रहरी निरीक्षक कृष्णदेव साहका अनुसार यही शनिबार एकै दिन रु ३० लाख ९० हजार मूल्यको सामान बरामद गरेको, सीमा नाकाबाट हुने गैरकारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि रौतहट नजिकको कचौरवासहित अड्वा खोला, पचरौता, पिपरपाटी, घाटतोलालगायतका नाकाबाट हुने अवैध कारोबार न्यूनीकरण तथा नियन्त्रणका लागि मातहतका प्रहरी टोलीलाई थप सक्रिय बनाइएको छ।






# संघीयता कार्यान्वयनः २५ करोड सम्मको पुँजीका उद्योग दर्ता र नवीकरण प्रदेशबाटै



जनकपुरधाम, १५ असार । मधेस प्रदेश सरकारले प्रदेशका रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमनलगायत सेवा प्रदेशभित्रै कार्यान्वयन गर्ने भएको छ । संघीय सरकारले रु २५ करोडसम्म स्थिर पुँजी भएका स्वदेशी लगानीका उद्योगको दर्ता, नवीकरण, नियमन तथा प्रशासनिक अधिकार मधेस प्रदेश सरकारलाई हस्तान्तरण गरेपछि प्रदेश सरकारले उद्योग दर्ता, नवीकरण, नियमनलगायत सेवा अघि बढाएको हो ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँट स्पष्ट रूपमा गरेको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले निश्चित मापदण्डभित्रका उद्योगको प्रशासनिक जिम्मेवारी प्रदेश सरकारलाई दिने व्यवस्था गरेको थियो । तर कानुनी व्यवस्था भए पनि त्यसको कार्यान्वयन सात वर्षभन्दा बढी समयसम्म हुन नसक्दा उद्योगी–व्यवसायी सामान्य प्रशासनिक कामका लागि काठमाडौँस्थित उद्योग विभाग धाउन बाध्य थिए। यसले सेवा प्रवाहमा ढिलाइ, अतिरिक्त खर्च र प्रशासनिक जटिलता सिर्जना गरेको थियो ।

उद्योग विभागबाट मधेस प्रदेशअन्तर्गत रहेका १८८ उद्योगका अभिलेख प्रदेश सरकारलाई हस्तान्तरण भएसँगै अब ती उद्योगसम्बन्धी सेवा प्रदेशबाटै सञ्चालन मधेस प्रदेश सरकारअन्तर्गत उद्योग विभाग वीरगञ्जका निमित्त निर्देशक रीना साहले जानकारी दिइन्। "उद्योगका फायलहरू विभागमा हस्तान्तरण भइसकेको छ", निमित्त निर्देशक साहले भनिन्, "संघीय सरकारको उद्योग विभागबाट प्रदेश मन्त्रालयमार्फत हस्तान्तरण भएका उद्योगको फायलहरू हामीले अध्ययन गरिरहेका छौँ, अध्ययन गरेर सेवा प्रवाहलाई अघि बढाउने तयारीमा जुटेका छौँ ।" पहिलो चरणमा कार्यालयबाट दर्ता, नवीकरण, लगत कट्टालगायतको काम सुरु गर्छौं र त्यसपछि अनलाइन प्रणालीबाट पनि सेवा प्रवाह गर्ने निमित्त निर्देशक साहको भनाइ छ।

प्रदेश सरकारको पहुँच बढेसँगै उद्योग दर्ता, नवीकरण तथा नियमनका प्रक्रिया थप छरितो र सहज हुने अपेक्षा गरिएको छ। यसबाट सेवा प्रवाहलाई नागरिकको नजिक पुऱ्याउने संघीय शासनको मूल मर्मलाई व्यवहारमा उतार्ने विश्वास गरिएको छ। संघीय शासन व्यवस्थाको उद्देश्य केवल राजनीतिक अधिकार बाँडफाँट गर्नुमात्र नभई विकास र सेवा प्रवाहलाई विकेन्द्रीकरण गरेकाले प्रदेशबाट उद्योग दर्ता, नवीकरण लगायतका सेवा सुरु गर्न लागिएको मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले बताए।

नागरिकले आफ्नो प्रदेशमै आवश्यक सेवा पाउने व्यवस्था हुँदा प्रशासनिक दक्षता बढ्नुका साथै सरकारप्रतिको विश्वाससमेत मजबुत हुने उनले बताए। यसबाट प्रदेश सरकारलाई आर्थिक विकासको नेतृत्व गर्ने अवसर प्रदान गरेको छ। उद्योग प्रशासन आफ्नै मातहत आएपछि प्रदेशले उद्योगमैत्री नीति कार्यान्वयन, लगानी प्रवर्द्धन, उद्यमशीलता विकास तथा रोजगारी सिर्जनाका कार्यक्रमलाई स्थानीय आवश्यकताअनुसार अघि बढाउन सक्ने सचिव घिमिरेको भनाइ छ। यद्यपि अधिकार हस्तान्तरणसँगै प्रदेश सरकारको जिम्मेवारी बढेको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन दक्ष जनशक्ति, सूचना प्रविधिमा आधारित प्रशासन, पारदर्शी कार्यप्रणाली र उत्तरदायी संस्थागत संयन्त्र निर्माण आवश्यक हुन्छ।

# निर्माणाधीन पुलका कारण सवारी आवागमन प्रभावित

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, १५ असार। महोत्तरीको जलेश्वर–जनकपुर सडकखण्डअन्तर्गत पर्सा र पिपराबिच निर्माणाधीन कुटमेश्वरी पुलका कारण सवारी आवागमनमा कठिनाइ भएको छ। महोत्तरी गाउँपालिका–१, पर्सास्थित बिगही खोलामाथि निर्माणाधीन कुटमेश्वरी पुलमा सामान्य वर्षा हुँदा पनि डाइभर्सन भासिने र बग्ने गरेकाले घण्टौँसम्म सवारी आवागमन अवरुद्ध हुने गरेको छ। माटो र बालुवाबाट बनाइएको डाइभर्सन सामान्य वर्षामै बग्ने तथा पुलसँग जोडिएको माटोको सडकमा ठुला सवारी साधन गुड्दा बाटो भासिने समस्याका कारण यात्रुले सास्ती खेप्नुपरेको स्थानीयवासी बताउँछन्।

जलेश्वरस्थित प्रादेशिक अस्पतालमा कार्यरत चिकित्सक डा. रोशनकुमार साहले आफू दैनिक जनकपुरबाट निजी सवारीमार्फत ओहोरदोहोर गर्ने गरेको बताउँदै सामान्य वर्षा भए पनि घण्टौँसम्म जाम हुने समस्या रहेको बताउनुभयो। सोमबार वर्षापछि बाटोमा बस भासिँदा आफूले वैकल्पिक मार्ग प्रयोग गरेर अस्पताल पुग्नुपरेको उहाँले गुनासो गर्नुभयो। पुलको डाइभर्सन बन्द भएपछि करिब १० किलोमिटर लामो वैकल्पिक मार्ग प्रयोग गर्नुपरेको उहाँको भनाइ छ।

भारतीय सीमावर्ती क्षेत्र भिठामोडदेखि जनकपुरसम्म जोड्ने मुख्य सडकका रूपमा रहेको यस सडकखण्डमा पुल निर्माण समयमै सम्पन्न नहुँदा हरेक वर्षायाममा सवारी आवागमन प्रभावित हुने गरेको छ। २०७९ फागुन २ गते रामजानकी निर्माण सेवा, जनकपुरधामले करिब २० करोड रुपियाँ लागतमा कुटमेश्वरी पुल निर्माणको ठेक्का पाएको थियो। ४० मिटर लम्बाइ र ११ मिटर चौडाइको पुल निर्माण गर्ने सम्झौता भए पनि तोकिएको समयमै काम सम्पन्न हुन नसकेपछि पटक–पटक म्याद थपिँदै आएको छ।

पहिलो सम्झौता अवधि सकिएपछि निर्माण कम्पनीलाई २०८३ साउन ११ गतेसम्मका लागि पुनः म्याद थप गरिएको थियो। तर दोस्रो पटक थपिएको म्याद सकिन केही दिन मात्र बाँकी रहँदासमेत पुल निर्माणको प्रगति ५० प्रतिशतभन्दा कम रहेको देखिएको छ। स्थानीय युवा पंकज पासवानले गर्मीयाममा धुलो र वर्षायाममा सामान्य वर्षा हुँदा पनि सडक अवरुद्ध हुनु यस पुलको 'विशेषता' जस्तै बनेको भन्दै व्यंग्य गर्नुभयो। उहाँले पिपरा गाउँपालिका, महोत्तरी गाउँपालिका, मटिहानी नगरपालिका र जलेश्वर नगरपालिकाका प्रमुखहरूले समन्वय गरेर समस्या समाधानका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "वर्षायाम सुरु भइसकेको छ। सामान्य वर्षा हुँदा नै सवारी साधनलाई वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने अवस्था छ पानी धेरै परे यो सडक पूर्ण रूपमा अवरुद्ध हुन्छ। चार वर्ष हुन लाग्दासमेत पुल निर्माण सम्पन्न भएको छैन, डाइभर्सन पनि सामान्य पानीको बहावले बगाइदिन्छ।"

# गोलबजारमा स्वीकृत योजनास्थल नै फेरेर मन्दिर निर्माण






**मणिलाल विश्वकर्मा**

लहान, १५ असार। सिराहाको लहानस्थित पर्यटन विकास कार्यालयको आर्थिक वर्ष ०८२/८३ को बजेटमा गोलबजार नगरपालिका–१२, बेतौना गाउँको मन्दिरको निर्माण स्वीकृत योजनास्थल र कार्यान्वयन स्थल फरकफरक पाइएको छ। मधेश प्रदेश सरकारको उद्योग बाणिज्य तथा पर्यटन मन्त्रालयमातहत रहेको कार्यालयले उपभोक्ता समितिमार्फत साबिकको बेतौना ६ (क)मा निर्माण गरिरहेको जितमहान मन्दिरको स्वीकृत योजनास्थल भने बेतौना ४ (क) रहेको भेटिएको हो। बेतौना गाउँ हुँदै वडा कार्यालय जाने आरसिसी ढलान सडकको उत्तरपट्टि जोडेर बनाइँदै गरेको मन्दिरको निर्माणस्थल वडाध्यक्ष गणेशकुमार मुखिया, उपभोक्ता समितिका अध्यक्ष माधव यादव र कार्यालयको सेटिङमा सारिएको स्थानीय युवा उमाकान्त मण्डलले आरोप लगाए।

उनका अनुसार वडा कार्यालयले २९ जेठ २०८२ मा गरेको चार किल्ला प्रमाणित सिफारिसको आधारमा पनि मन्दिर निर्माण भइरहेको जग्गा बेतौना ८ मा पर्छ। 'कार्यालयले स्वीकृत गरेको योजनास्थल, उपभोक्ता समितिसँगको सम्झौता, टिप्पणी आदेश, कार्यादेशमा माधवगाछीमा जितमहान मन्दिर बनाइने उल्लेख छ,' उनले भने, 'वडाले गरेको चार किल्ला प्रमाणित सिफारिसमा बेतौना ८ अनि मन्दिर बनाइएको ठाउँचाहिँ बेतौना ६ (क) छ यो सबै सेटिङ गरेर बजेट सिध्याउने खेलबाहेक केही होइन।'

### छानबिन पनि सेटिङमा भएको आरोप

कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमअनुसार बजेट शीर्षक ११.४.२२.५६७२ अन्तर्गत विनियोजित २५ लाख रुपैयाँमध्ये अर्थ मन्त्रालयको पत्रअनुसार २० प्रतिशत कट्टा गरी मन्दिरका लागि २० लाख रुपैयाँ छुट्याइएको कार्यालयको ३० वैशाख २०८३ को टिप्पणी आदेशमा उल्लेख छ। सेटिङमा स्वीकृत योजनास्थल नै फेरेर मन्दिर निर्माण गरिरहेको भन्दै तत्काल काम रोक्न माग गर्दै ३ असारमा पर्यटन विकास कार्यालयलाई निवेदन दिएको भए पनि एक हप्तासम्म दर्ता नै नगरेको स्थानीय युवाहरूले गुनासो गरेका छन्। कार्यालयमा पटकपटक धाएपछि १० असारमा दर्ता गरी निमित्त कार्यालय प्रमुखले शाखा अधिकृत, इन्जिनियर र ओभरसियर सम्मिलित तीन सदस्यीय छानबिन समिति बनाएर मन्दिर निर्माण भइरहेको ठाउँ माधव गाछी नै हो भन्ने उल्लेख गरी प्रतिवेदन बुझाउने प्रपञ्चसहित फिल्डमा खटाएको उनीहरूको आरोप छ। त्यसकै लागि गत बिहीबार गाउँमा छलफल राखिएको, तर स्वीकृत योजनास्थल र कार्यान्वयनस्थल फरक भएको भन्दै स्थानीयले विरोध गरेपछि विनानिष्कर्ष टुंगिएको जनाइएको छ।

पर्यटन कार्यालयका निमित्त प्रमुख नवोनारायण मिश्रले स्थानीय युवाहरूले दिएको उजुरीपछि छानबिन समितिले काम थालेको र के कसो भएको हो, छानबिन प्रतिवेदन प्राप्त भएपछि मात्र भन्न सकिने बताए। 'वडा कार्यालय, उपभोक्ता समितिले उपलब्ध गराएको कागजात, प्राविधिकहरूको स्थलगत निरीक्षणपछि योजना सञ्चालन गरिएको हो,' उनले भने। 'योजना सञ्चालन गरिएको ठाउँ फरक गरेर पनि कागजातमा चाहिँ किन माधवगाछी' भन्ने उल्लेख गरेको भन्ने प्रश्नमा भने छानबिन प्रतिवेदन पर्खिन आग्रह गरे। गोलबजार–१२ का वडाध्यक्ष गणेशकुमार मुखियाले बन्दै गरेको मन्दिरले चर्चेको जग्गा भएको ठाउँ, स्वीकृत योजनास्थल र पर्यटन कार्यालयले स्वीकृत गरेको ठाउँ एउटै वडा क्षेत्रमा पर्ने भएकाले त्यति फरक नपर्ने दाबी गरे।



६ नं. वडा कार्यालय
गोलबजार नगरपालिका
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)